| विधेयक संख्या | ००२ |
|---|---|

# जन्तेढुङ्गा गाउँपालिका आर्थिक ऐन, २०८१

| | |
|---|---|
| सभाबाट स्वीकृती मिति :- | २०८१/०३/१० |
| प्रमाणिकरण मिति : - | २०८१/०३/१० |
| स्थानीय राजपत्रमा प्रकाशित मिति :- | |

गाउँ सभाले पारित गरे बमोजिम यो विधेयक (संख्या १, जम्मा पृष्ठ संख्या १५) ठिक छ भनि प्रमाणिकरणका लागि सभाध्यक्ष समक्ष पेस गर्दछु।

विनय निरौला

गाउँसभा सचिव

मिति :२०८१/०३/१०

CS CamScanner

अरुणादेवी

# जन्तेढुङ्गा गाउँपालिकाको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०८१

**प्रस्तावनाः** जन्तेढुङ्गा गाउँपालिकाको आर्थिक वर्ष २०८१/०८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान २०७२ को धारा २२८ को उपधारा (२) तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ९ दफा ५४ मा भएको व्यवस्था र कोशी प्रदेश कानून बमोजिम जन्तेढुङ्गा गाउँपालिकाको गाउँसभाबाट पारित गरी यो ऐन बनाईएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "जन्तेढुङ्गा गाउँपालिकाको आर्थिक ऐन, २०८१" रहेको छ।

(२) यो ऐन गाउँसभाबाट पारित भएर २०८१ साल श्रावण १ गतेदेखि जन्तेढुङ्गा गाउँपालिका क्षेत्र खोटाङमा लागू हुनेछ।

२. **सम्पत्ति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूची १ बमोजिम एकिकृत सम्पति कर घर जग्गा कर लगाईने र असुल उपर गरिनेछ।

३. **भूमि कर (मालमोत)** गाउँपालिका क्षेत्रभित्र सम्पति कर लाग्ने भुमि बाहेकमा अनुसूची २ बमोजिम भुमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ।

४. **घर बहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूची -३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पुँजिगत लगानी वा आर्थिक कारोवारका आधारमा अनुसूची -४ बमोजिम व्यवसाय दर्ता/नविकरण कर, परिचय पार्टी शुल्क लगाई असूल उपर गरिनेछ।

(क) अलग अलग शाखा वा व्यवसाय संचालन भएमा अलग अलग शुल्क तथा कर असुल गरिने छ। (ख) अन्य निकायमा दर्ता भई यस कार्यालयमा दर्ता वा नविकरण हुन आउने व्यवसायलाई सम्बन्धित वर्षको आर्थिक ऐन तोके बमोजिम कर निर्धारण हुनेछ।

६. **कृषि जन्य वन पैदावार जडिबुटी, कबाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले वन जन्य काठ तथा कूकाठ, उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनको निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंह, प्वाख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत् अनुसूची -५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ।

७. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा कोशी प्रदेश आर्थिक ऐन २०८१ बमोजिम हुनेछ।

८. **मनोरञ्जन करः** कोशी प्रदेश सरकारको आर्थिक ऐन २०८१ मा भएको व्यवस्था बमोजिम हुनेछ।

९. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण रेखदेख वा संचालन गरेका अनुसूची ६ मा उल्लेख भए अनुसार ब्याक हो लोडर बहाल शुल्क, एम्बुलेन्स संचालन बहाल शुल्क, हाट बजार वा रात्री बजार विषेश मेलापर्व बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ।

अरुणादेवी

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष



CamScanner

१०. **सडक मर्मत एवं सवारी साधन पार्किङ्ग शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए वापत र गाउँपालिकाले सडक मर्मत गरिने भएकोले अनुसूची ७ बमोजिम सडक मर्मत एवं पार्किङ्ग शुल्क लगाईने र असुल उपर गरिनेछ।

११. **सेवा शुल्क र दस्तुरः** गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका अनुसूची -८ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराएको अन्य सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा व्यवस्था भए बमोजिम कर, शुल्क वा दस्तुर लगाइने र असूल उपर गरिनेछ।

(क) आय सिफारिस र जग्गाको मूल्याङ्कन तोकिएको भन्दा बढी बजार मूल्यसँग मिल्ने गरी मूल्याङ्कन गर्नुपर्ने अवस्थामा बढी मूल्यको आय श्रोत वा सम्पति मूल्याङ्कन शुल्कमा ०.०५ प्रतिशतले असुल गरिनेछ।

१२. **पर्यटन शुल्कः** कोशी प्रदेश सरकारको आर्थिक ऐन २०८१ मा व्यवस्था भए अनुसार शुल्क लगाईने र असुल उपर गरिनेछ।

१३. **दहत्तर बहत्तर करः** ढुङ्गा, गिट्टी, वालुवा, स्लेट, चुनढुङ्गा, खरी ढुङ्गा, अभ्रव र दहत्तर बहत्तरमा प्राकृतिक स्रोतको करको दर र प्रकृया स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क वा कोशी प्रदेश सरकारको आर्थिक ऐन २०८१ बमोजिम हुनेछ।

१४. **जरिवानाः** गाउँपालिकाले आफ्नो क्षेत्र भित्र निषेध गरिएको सार्वजनिक क्षेत्र वा व्यापार व्यवसाय वा फोहोर मैला व्यवस्थापन, विवाद, झैझगडा, द्वन्द्व बापत तथा यस ऐन र अन्य प्रचलित कानून विपरितका कार्य गर्नेलाई अनुसूची -९ बमोजिमको जरिवाना गरी असुल उपर गरिनेछ।

१५. **सामुदायिक वनबाट आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क बमोजिम हुनेछ।

१६. **घर जग्गा रजिष्ट्रेशन शुल्कः** कोशी प्रदेश सरकारको आर्थिक ऐन २०८१ बमोजिम हुनेछ।

१७. **सवारी साधन करः** कोशी प्रदेश सरकारको आर्थिक ऐन २०८१ बमोजिम हुनेछ र टाँगा, रिक्सा, अटोरिक्सा र इ-रिक्साको सवारी कर लगाईने र असूल उपर गरिनेछ।

१८. **सहकार्यमा राजश्व सङ्कलन गर्न सकिनेः** राजश्व सङ्कलन गर्दा छिमेकी अन्य पालिकाहरुका साथै अन्य सेवा प्रदायकहरुसँगको सहकार्य प्रभावकारी हुने देखिएमा गाउँकार्यपालिकाले निर्णय गरी सहकार्यमा राजश्व सङ्कलन गर्न सक्नेछ।

१९. **विविध**

लिनु पर्ने कर शुल्क आदि नलिएमाः-

आर्थिक ऐन र अन्य प्रचलित ऐन कानून अनुसार लिनु पर्ने रकम, तिर्नु पर्ने रकम नलिएमा, नतिरेमा सम्वन्धित ब्यक्ति वा संस्थावाट तोकिएको रकमको थप १० प्रतिशतले हुने रकम बरावर असुल उपर गरि विभागिय कारवाहिकालागि सिफारिस समेत गरिने छ ।

२.व्यसाय नियमित नविकरण २०८१ सालको असोज मसान्त भित्र गरिसक्नु पर्ने छ । पौष मसान्त सम्म नविकरण गर्ने लाई नविकरण रकमको ५ प्रतिशत जरिवान गरिने छ। चैत्र मसान्त सम्म नविकरण गर्नेलाई नविकरण रकमको १० प्रतिशत जरिवान गरिने छ र असार मसान्त सम्म नविकरण नगर्ने लाई नविकरण रकमको १५ प्रतिशत जरिवान गरिने छ ।उक्त अवधि भित्र पनि

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

नविकरण नगर्ने लाई असार मसान्त सम्मको नविकरण रकम र जरिवाना दुवैगरी कुल हुन आउने रकमको माथि उल्लेख भए वमोजिम जरिबाना गरिने छ ।

३. गाउँपालिकामा दर्ता नगरी संचालित ब्यापार, ब्यावसायीहरुले हाटबजार कर सरह दैनिक कर असुल गरिनेछ ।

बिक्री कर:- सामुदायिक वन पैदावार बिक्री वापत जम्मा रोयल्टी रकमको १० प्रतिशत।

नोट: सामुदायिक -वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपभोग सम्वन्धि आफ्नो बार्षिक कार्य योजना बनाई जन्तेढुङ्गा गाउँपालिकाबाट स्वीकृत गराउनु पर्नेछ।

खानेपानी

खानेपानी व्यवस्थापन संस्थाबाट खानेपानी महशुलबाट उठेको रकमको १० प्रतिशत असुल गरिने

**कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन । तर

(क) चालु आर्थिक वर्षसम्म करको दायरामा नआएका जुन सुकै उद्योग, व्यापार, व्यवसाय कम्पनी, संस्थाहरुले २०८१ पौष मसान्त भित्र दर्ता/नविकरण गर्न आएमा जरिवाना रकमको ९० प्रतिशत छुट हुनेछ ।

२०. **बक्यौता कर असुली सम्बन्धि व्यवस्थाः** जन्तेढुङ्गा गाउँपालिकामा व्यापार व्यवसाय गरी दर्ता/नविकरण नियमित नगर्ने व्यवसायहरुको हकमा देहाय बमोजिमको प्रकृया मनन गरी दर्ता/नविकरण शुल्क वा कर असुल गरिने छ ।

(क) २०८१ श्रावण महिनामा वडा कार्यालयले २१ दिनको समय तोकी सार्वजनिक सूचना जारी गर्ने ।

(ख) खण्ड 'क' बमोजिमको अवधि भित्र दर्ता/नविकरण नभएमा २०८१ भाद्र महिनामा जन्तेढुङ्गा गाउँपालिकाको कार्यालयले १ महिनाको समय सार्वजनिक सूचना प्रकाशन गर्ने ।

(ग) खण्ड 'ख' बमोजिम तोकिएको अवधि भित्र दर्ता/नविकरण गरी कर शुल्क दाखिला नगरेमा व्यवसाय स्थल, घर, भवन आदिमा १५ दिनको सूचना टाँस गरिनेछ ।

(घ) खण्ड 'ग' बमोजिम प्रकृया सम्पादन गर्दा समेत दर्ता/नविकरण प्रकृयामा नआएमा त्यस्ता व्यवसायको सम्पति, व्यवसाय वा अन्य कर योग्य कारोवारको मूल्याङ्कन गरी नियम अनुसार सरकारी बाँकी अनुसार असुल उपर गरिनेछ ।

२१. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्थालाई कार्यान्वयन गर्नका लागि यस ऐन सँग नबाझिने गरी कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने छ ।

२२. **अन्य व्यवस्थाः** यस गाउँपालिकाका विषयगत शाखा वडा तथा अन्य कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीले बुझाउनु पर्ने कर, शुल्क, दस्तुर तथा जरिवानालाई सेवा सँग आवद्ध गरी अनिवार्य असूल उपर गरी सेवा प्रवाह गर्नुपर्नेछ । तर नागरिकताको सिफारिस तथा व्यक्तिगत घटना दर्ता गर्दा प्रतिवद्धता पत्र लिई सेवा प्रवाह गर्न बाधा पुगेको मानिने छैन ।

२३. यस ऐनमा व्यवस्था भएकोमा यसै ऐन बमोजिम र गाउँपालिकाको अन्य ऐनमा तोकिएको भएमा सोहि ऐन बमोजिम हुनेछ ।

२४. **ऐनको व्याख्या तथा खारेजी :**

(१) यस ऐनमा उल्लेख नभएका विषयको हकमा गाउँ कार्यपालिकाले करको दर व्याख्या गर्न सक्नेछ ।



अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

CamScanner

(२) गाउँपालिकाले लागू गर्दै आएका व्यवस्थाहरु संघीय तथा प्रदेश कानून तथा अन्य ऐनसँग प्रतिकूल देखिएमा प्रतिकूल भएको हदसम्म खारेज हुनेछ ।

## अनुसूची - १

## (दफा २ सँग सम्बन्धित सम्पति करको दर)

| भवन र जग्गाको मूल्य | | दर प्रतिशतमा | कर रकम रु. |
|---|---|---|---|
| घरधुरी कर | १. फुसको छाना भएको २ तल्ले (बार्षिक) | | १००।- |
| | २. करकटपाताको छाना भएको १ तल्ले(बार्षिक) | | १५०।- |
| | ३. करकटपाताको छाना भएको २ तल्ले(बार्षिक) | | २००।- |
| | ४. करकटपाताको छाना भएको २ तल्ले बरन्डा समेतको र १ तल्ले पक्की घर ४ कोठा भन्दा कम भएको(बार्षिक) | | ३००।- |
| | ५. पक्की घर १ तल्ले ४ कोठा भन्दा बढी(बार्षिक) | | ५००।- |
| | ६. पक्की घर २ तल्ले४ कोठा भन्दा बढी(बार्षिक) | | ७००।- |
| | ७. पक्की घर ३ तल्ले वा सो भन्दा माथि४ कोठा भन्दा बढी(बार्षिक) | | १०००।- |
| | ८. सम्पति विवरण प्रमाणित | | ५००।- |

## अनुसूची - २

## (दफा ३ सँग सम्बन्धित)

जन्तेढुङ्गा गाउँपालिका क्षेत्र भित्र रहेका जग्गाहरुको भुमिकर मालपोत

मालपोत/भुमिकर

| क.स. | प्रकार | दर | | कैफियत |
|---|---|---|---|---|
| | | कृषि लगायत | घडेरी | |
| १ | अब्वल-प्रतिरोपनी | १०।- | | |
| २ | दोयम-प्रतिरोपनी | ९।- | | |
| ३ | सीम-प्रतिरोपनी | ८।- | | |
| ४ | चाहार-प्रतिरोपनी | ७।- | | |
| ५ | चिसापानी बजार क्षेत्रमा रहेका घर घडेरी योय जग्गा चार आना भन्दा कम | ०-४-०-० | रु.१०/- | |
| ६ | चिसापानी बजार क्षेत्रमा रहेका घर घडेरी योय जग्गा चार आना देखि आठ आना सम्म | ०-४-०-०/०-८-०-० | रु.२०/- | |
| ७ | चिसापानी बजार क्षेत्रमा रहेका घर घडेरी योय जग्गा आठ आना देखि बाह आना सम्म । | ०-८-०-०/०-१२-०-० | रु. ३०/- | |
| ८ | चिसापानी बजार क्षेत्रमा रहेका घर घडेरी योय जग्गा बाह आना देखि बाह एक रोपनी सम्म । | ०-१२-०-०/१-०-०-० | रु. ४०/- | |
| ९ | एक रोपनी भन्दा माथि २ रोपनी सम्म प्रति रोपनी । | | रु. ५०/- | |

<u>नोटः-</u>

१। २०८१ कार्तिक मसान्त सम्ममा मालपोत रकम तिर्ने लाई यस भन्दा अगाडिका सवै जरिवाना छुट हुनेछ।

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष



CamScanner

२। २०८१ कार्तिक मसान्त पछि, २ वर्ष भन्दा लामो समयसम्म कर नबुझाउनेलाई जम्मा करमा २५प्रतिशत, पाच वर्ष भन्दा लामो समय कर नवुझाउनेलाई जम्मा करमा ३५ प्रतिशत, आठ वर्ष भन्दा लामो समय सम्म कर नवुझाउनेलाई जम्मा करमा ५० प्रतिशत थप जरिवाना समेत लाग्ने छ ।

## अनुसूची-३

उपदफा (४) सँग सम्बन्धित

घरबहाल कर

| क्र.सं. | विवरण | दररेट | कैफियत |
|---|---|---|---|
| १. | कुनै पनि व्यक्ति वा संस्थालाई घरधनीले घर, पसल, ग्यारेज, जग्गा, गोदाम, टहरा भाडा, बहाल कर, रोयल्टी र लिजमा दिएमा सम्झौता रकमको | १०% | |

## अनुसूची-४

उपदफा (५) सँग सम्बन्धित

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाउने व्यवसाय दर्ता/नविकरण करको दर

| क्र.सं. | विवरण | दर्ता/अनुमति | नवीकरण | कैफियत |
|---|---|---|---|---|
| १. | साधारण प्रकृतिको होटल, चिया नास्ता पसल | ५००।- | २५०।- | |
| २. | लजिङ, फुडिङ सहितको होटल, गेष्ट हाउस, रेष्टुरेन्ट | २०००।- | १०००।- | |
| ३. | तालिम हल, एट्याच ट्वाइलेट बाथरुम, वाईफाई सहितको होटल | ३०००।- | १५००।- | |
| ४. | फोटो स्टुडियो (फोटो खिच्ने, धुलाउने, फोटोकपी, फ्याक्स) | ५००।- | २५०।- | |
| ५. | सवारी साधन विक्रेता | २००००।- | १००००।- | |
| ६. | सवारी साधन/मर्मत/ग्यारेज/ ग्रिल | २०००।- | १०००।- | |
| ७. | कपडा/जुत्ता/चप्पल पसल, | २०००।- | १०००।- | |
| ८. | नर्सरी (फलफूल, कृषिजन्य बोटबिरुवा उत्पादन बिक्रीवितरण), | ५००।- | २५०।- | |
| ९. | मेडिकल/एग्रोभेट (खुद्रा डाक्टर भएको) | २०००।- | १०००।- | |
| १० | मेडिकल/एग्रोभेट (खुद्रा) | १०००।- | ५००।- | |
| ११ | मेडिकल/एग्रोभेट (थोक) | १००००।- | ५०००।- | |
| १२ | खाद्य पदार्थ (दाल, चामल, चिनी, तरकारी लगायत अन्य दैनिक उपभोग्य सामग्रीहरु)/ सम्बन्धी पसल(थोक) | ३०००।- | १५००।- | |
| १३ | पेय पदार्थ/मादक पदार्थ उत्पादन तथा विक्री वितरण गर्ने | २०००।- | १०००।- | |
| १४ | सुर्तीजन्य पदार्थको प्याकीङ्ग/विक्री वितरण | २०००।- | १०००।- | |
| १५ | हार्डवेयर व्यवसाय | ३०००।- | १५००।- | |
| १६ | भाँडाकुँडा पसल | २०००।- | १०००।- | |
| १७ | फर्निचर/ 'स' मिल व्यवसाय | ३०००।- | १५००।- | |
| १८ | इन्धन व्यवसाय | ३०००।- | १५००।- | |
| १९ | कस्मेटिक पसल, ब्युटी पार्लर | १०००।- | ५००।- | |
| २० | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ बिक्रीवितरण गर्ने पसल (थोक) | ५०००।- | ३०००।- | |
| २१ | अल्कोहलजन्य/धुम्रपानजन्य पदार्थ बिक्रीवितरण गर्ने पसल (खुद्रा) | ३०००।- | १५००।- | |



अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २२. | सुनचाँदी पसल | ३०००।- | १५००।- | |
| २३. | मनी एक्स्चेन्जर (IME लगायत) | ३०००।- | १५००।- | |
| २४. | बैंकिङ तथा बित्तीय कारोवारगर्ने संस्था | १००००।- | ५०००।- | |
| २५. | एफ. एम. रेडियो | १००००।- | ५०००।- | |
| २६. | ट्राभल्स एण्ड टुर्स, ट्रेकिङ एजेन्सी | ५०००।- | २०००।- | |
| २७. | कायाकिङ, क्यानोनिङ, बञ्जी जम्प, जिप फ्लायर, र्‍याफ्टिङ, पाराग्लाइडिङ | १००००।- | ५०००।- | |
| २८. | प्रेस हाउस | १०००।- | ५००।- | |
| २९. | स्टेशनरी | १०००।- | ५००।- | |
| ३०. | ईलेक्ट्रोनिक्स पसल(मोवाइल, कम्प्युटर, ल्यापटप, विजुलीका सामानहरु लगायत अन्य इलेक्ट्रोनिक्स सामानहरु) | ३०००।- | १५००।- | |
| ३१. | टेलर, सैलुन | ५००।- | २००।- | |
| ३२. | 'घ' वर्गको निर्माण व्यवसाय दर्ता/नविकरण | १००००।- | ५०००।- | |
| ३३. | लघु घरेलु र साना उद्योग दर्ता | ५००।- | २५०।- | |
| ३४. | बोर्डिङ स्कुल आ.वि. | ५०००।- | २५००।- | |
| ३५. | ढुवानी तथा ट्रान्सपोर्ट व्यवसाय | ५०००।- | २५००।- | |
| ३६. | कुटानी पिसानी(सानो) | ५००।- | २५०।- | |
| ३७. | कुटानी पिसानी(ठुलो) | ३०००।- | १५००।- | |
| ३८. | ठुलो स्काभेटर | ३००००।- | १५०००।- | |
| ३९. | सानो स्काभेटर | २००००।- | १००००।- | |
| ४०. | अन्य व्यवसाय | ५००।- | २५०।- | |
| ४१. | कृषक समुह दर्ता | १०००।- | ५००।- | |
| ४२. | कृषि व्यसाय दर्ता | ५००।- | २००।- | |
| ४३. | खानेपानी संस्था दर्ता | १०००।- | ५००।- | |
| ४४. | सामुदायीक वन दर्ता | ५००।- | ३००।- | |
| ४५. | कृषि/पशु पंक्षी र मत्स्य फर्म | १०००।- | ५००।- | |
| ४६. | ईन्टरनेट सेवा प्रदायक संस्था | ३०००।- | १०००।- | |
| ४७. | बहुउद्देश्य सहकारी संस्था | २०००।- | १०००।- | |
| ४८. | वचत तथा रिण सहकारी | २०००।- | १०००।- | |
| ४९. | कृषि सहकारी संस्था | १०००।- | ५००।- | |
| ५०. | संचार सहकारी संस्था | २०००।- | १०००।- | |
| ५१. | तालिमा प्रदायक संस्था | २०००।- | १०००।- | |
| ५२. | घरेलु उधोग | २०००।- | १०००।- | |
| ५३. | साना उधोग | १०००।- | ५००।- | |
| ५४. | जलउपभोक्ता संस्था | १०००।- | ५००।- | |
| ५५. | टोल विकास संस्था | ५००।- | २००।- | |

| | | | | |
|---|---|---|---|---|
| ५६ | संस्था दर्ता गैर नाफामुलक | १०००।- | ५००।- | |
| ५७ | संस्था दर्ता नाफामुलक | २०००।- | १०००।- | |
| ५८ | अन्तराष्ट्रिय गैसस | ५०००।- | २०००।- | |

## अनुसूची - ५

(दफा ६ सँग सम्बन्धित)

गाउँपालिकाले आफ्नो क्षेत्र भित्र लगाइने जडिबुटी, जीवजन्तु तथा कबाडी कर

(क) कृषि जन्य वन पैदावार जडिबुटी, कवाडी र जीवजन्तु कर

| सि.न. | शिर्षक | ढुवानी साधनको किसिम | दररेट- |
|---|---|---|---|
| १ | खयर,ओखर,सखुवा लागायत राम्रो प्रजातिको काठ | टिपर/ ट्रक ठुलो प्रति पटक | रु-/४५००. |
| २ | खयर,ओखर,सखुवा लागायत राम्रो प्रजातिको काठ | ट्याक्टर वा सानो गाडी वाट प्रति पटक | रु-/१५००. |
| ३ | चिलाउने, उत्तिस, मलातो प्रजातीका कुकाठ | टिपर/ ट्रक ठुलो प्रति पटक | रु-/१५००. |
| ४ | चिलाउने, उत्तिस, मलातो प्रजातीका कुकाठ | ट्याक्टर वा सानो गाडी वाट प्रति पटक | रु-/५००. |
| ५ | गिटि निकासी तथा पैठारी | टिपर/ ट्रक ठुलो प्रति पटक | रु-/९००. |
| ६ | वालुवा निकासी तथा पैठारी | ट्याक्टर प्रति पटक | रु-/३००. |
| ७ | ढुङ्गा निकासि तथा पैठारी | टिपर/ ट्रक ठुलो प्रति पटक | रु-/५००. |
| ८ | ढुङ्गा निकासि तथा पैठारी | ट्याक्टर प्रति पटक | रु-/१५०. |
| ९ | ब्याकुलोडर प्रयोग गरेवापत | प्रति घण्टा | रु-/३४००. |
| १० | काठ निकासी वडा सिफारिस | प्रति पटक | रु-/५००. |
| ११ | कवाडी | प्रति के.जी. | रु.१/- |
| १२ | अमृसो | प्रति के.जी. | रु.२/- |
| १३ | निजी बनजन्य काठ निकासी कर (सखुवा, ओखर, खयर | प्रति कि.बि. | रु.१००/- |
| १४ | निजी बनजन्य निकासी कर | प्रति कि.बि. | रु.१०/- |

(ख) जीवजन्तु/सबै प्रकारको

| क्र.सं. | जीवजन्तु/सबै प्रकारको | | रु. | कैफियत |
|---|---|---|---|---|
| १. | माछा कर | प्रति दिन विक्री स्टल | १००।- | |
| २. | गाई, गोरु, सुङ्गुर, बङ्गुर, रागाँ, भैसी बाह्य निकासी | प्रति गोटा | १००।- | |
| ३. | खसी, बाख्रा, भेडा, बोका | प्रति गोटा | ५०।- | |

(ग) जडिबुटि कर

| क्र.सं. | जडिबुटी कर | प्रति के.जी.रु. | कैफियत |
|---|---|---|---|
| १. | चिरेइतो | ५।- | |
| २. | अलैंचि | १०।- | |
| ३. | अदुवा/सतुवा/जटामसि/बनजन्य जडीबुटी कारोबार गरे वापत थप व्यवसाय निकासी समेत | ५।- | |

## अनुसूची-६



अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

CamScanner

(घ) हाटबजार कर

| क्र.सं. | हाटबजार कर | बार्षिक दर | कैफियत |
|---|---|---|---|
| १ | चिसापानी हाटबजार कर न्यूनतम | २५,०००।- | |
| २ | पशु हाट कर न्यूनतम | २५०००।- | |
| | एम्बुलेन्स भाडा दर देहाय बमोजिम हुने छ ।<br><br>गर्भवती,सुत्केरी महिला विरामिहरुको लागि निःशुल्क दलित ७० वर्ष र अन्य ८० वर्ष भन्दा माथिका वृद्द वृद्दाहरुकोलागि ५० प्रतिशत छुट ।<br>अति विपन्न र असाह्यहरुको अवस्था हेरी रकम छुटको ब्यवस्था गरिने छ ।<br>सुविधा प्राप्त गर्नको लागि आवश्यक प्रमाण पेश गर्नु पर्ने छ। | १. चिसापानी–बंशिला रु. ६०००।-<br>२. डम्वखु वडा कार्यालय र भञ्ज्याङ्ग खर्क,कुईभिर,कात्तिके, चुम्लुङ्ग-चिसापानी रु. २५००।-<br>३. सामाताङ्ग होप्सिका सेलेवा-चिसापानी रु. ३०००।-<br>४. २ नं. वडा वोपुङ्ग-चिसापानी रु. ३५००।-<br>५. चिसापानी-बोपुङ्ग मैनाटार- बंशिला रु.७०००।-<br>६. १ नं. वडा बुवाखोला वारी-चिसापानी रु. २५००।-<br>७. १ नं. वडा बुवाखोला पारी-चिसापानी रु.४५००।-<br>८. चिसापानी -१ नं. वडाका सबै भुभाग- बंशीला रु. ६०००।-<br>९. बंशिला देखि १ नं. वडा बुवाखोला पारी रु. २५००।-<br>१०. ३ नं. वडा कार्यालय काहुले- चिसापानी रु. २०००।-<br>११. सालम्वु – चिसापानी रु. २५००।-<br>१२. आरुवोटे, छिमावा- चिसापानी रु.२०००।-<br>१३. ६ नं. वडा कार्यालय,निगाल वास रु. १५००।-<br>१४. ६ नं. वडाका अन्यत्र स्थानवाट-चिसापानी रु. २५००।-<br>१५. ६ नं.वडाका सबै स्थान वाट-बंशिला रु. ६०००।-<br>१६. ५ नं. वडा खुटा बगैचा, बैरिनटार,डाँडा खर्क, वितलव, घोर्ले, छेतुवा, पाथिभरा -चिसापानी रु. २०००।-<br>१७. ५ नं. वडाका वाँकी क्षेत्र र होङ्गमापोखरी-चिसापानी रु. १०००।-<br>१८. अन्यत्रवाट चिसापानीआई -बंशीला जानु परेमा अन्यत्र स्थानबाट चिसपानी आउने शुल्क र चिसापानी बंसिलाको शुल्क थप गरीनेछ ।<br>१९. चिसापानी –थामखर्क बिमानस्थल रु. ५०००।-<br>२०. चिसापानी –रसुवा रु. ७०००।-<br>२१. चिसापानी –गाईघाट रु. १२०००।-<br>२२. चिसापनी –ईटहरी रु. १६०००।-<br>२३. चिसापानी –धरान रु. १५०००।-<br>२४. चिसापानी –विराटनगर रु.१७०००।-<br>२५. चिसापानी – काठमाण्डौं रु. ३०००० | |
| | गाउँ पालिकाको ब्याक हो लोडरको JCB भाडा दर देहाय बमोजिम हुने छ | १.सम्पुर्ण खर्च पालिकाद्वारा ब्यहोरिने प्रति घण्टा रु. ३३००/-<br>२.मेशिन मात्रको प्रति घण्टा रु. १४००।-, मेशिन मात्र प्रयोग गर्नेले अन्य खर्च व्यहोर्नु पर्नेछ। | |

माथि जुन सुकै विवरण उल्लेख भएता पनि जन्तेढुङ्गा गाउँ पालिका अन्तर्गतका कृषकहरुले उत्पादन गरेर विक्रि गर्न ल्याएका कृषि उपजहरुमा हाटकर लगाएत कुनै पनि किसिमका कर लिईने छैन ।

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

अनुसूची-७



CamScanner

दफा (१०) सँग सम्बन्धित सडक मर्मत एवं सवारी साधन पार्किङ्ग शुल्क

पार्किङ्ग शुल्क

| क्र.सं. | विवरण | दैनिक रु. | प्रति घण्टा रु. |
|---|---|---|---|
| १ | जीप, ट्र्याकटर | ५०।- | १०।- |
| २ | तीन पाङ्ग्रे | २०।- | ५- |
| ३ | दुई पाङ्ग्रे | १०।- | - |
| ४ | ब्याक हो लोडर/ ईस्काभेटर | १००।- | २०।- |

सडक मर्मत शुल्क

| सि.न. | शिर्षक | ढुवानी साधनको किसिम | दर-रेट |
|---|---|---|---|
| १ | बाहिरबाट आएका ट्रक | प्रति पटक | रु.३००/- |
| २ | बाहिरबाट आएका चार पाङ्ग्रे अन्य सवारी साधन (ट्र्याकटर, बुलेरो लगायत) | प्रति पटक | रु.२००/- |
| ३. | स्थानीय रुटमा चल्ने (जीप, ट्र्याक्टर लगायत) सवारी साधन | बार्षिक | रु.३०००/- |
| ४. | तिन पाङ्ग्रे सवारी साधन | बार्षिक | रु. १५००/- |
| ५. | दुई पाङ्ग्रे सवारी साधन (सार्वजनिक प्रयोजन) | बार्षिक | रु. १०००/- |
| | | | |

अनुसूची-८

दफा (११) सँग सम्बन्धित सेवा शुल्क र दस्तुर

| क्र.सं. | विवरण | आ.व. २०८०/८१ | कैफियत |
|---|---|---|---|
| १. | व्यक्तिगत घटना दर्ता/सिफारिस ३५ दिनभित्र | निःशुल्क | |
| २. | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि विवाह दर्ता बाहेक | २००।- | |
| ३. | व्यक्तिगत घटना दर्ता र विवाह दर्ता ३५ दिन पछि | ५००।- | |
| ४. | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि प्रतिलिपी | ३००।- | |
| ५. | सम्वन्ध विच्छेद प्रमाणित | ५००।- | |
| ६. | अस्थायी बसोबास सिफारिस | २००।- | |
| ७. | स्थायी बसोबास सिफारिस | ५००।- | |
| ८. | नाता प्रमाणित सिफारिस | २००।- | |
| ९. | संरक्षक सिफारिस (व्यक्तिगत ) | १००।- | |
| १०. | संरक्षक सिफारिस(संस्थागत ) | २००।- | |
| ११. | जिवित रहेको सिफारिस | १००।- | |
| १२. | जन्म मिति संशोधन सिफारिस | ५००।- | |
| १३. | व्यक्तिगत विवरण प्रमाणितसिफारिस | १००।- | |
| १४. | जन्म मिति प्रमाणित | २००।- | |
| १५. | विवाह प्रमाणित | २००।- | |



अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| १६. | अविवाहित प्रमाणित | २००।- | |
| १७. | मृत्यू प्रमाणित | १००।- | |
| १८. | सम्वन्ध भएको/नभएको प्रमाणित | २००।- | |
| १९. | बहुउदेश्य सहकारी संस्था सिफारिस | २००।- | |
| २०. | बचत तथा ऋण सहकारी सिफारिस | २००।- | |
| २१. | कृषि सहकारी संस्था सिफारिस | २००।- | |
| २२. | संचार सहकारी सिफारिस | २००।- | |
| २३. | तालिम प्रदायक संस्था सिफारिस | २००।- | |
| २४. | स्काभेटर मेशिन प्रतिपटक | ५०००।- | यस गाउँ पालिकामा दर्ता नविकरण नभएको । |
| २५. | ब्याक हो लोडर मेशिन प्रतिपटक | ३०००।- | यस गाउँ पालिकामा दर्ता नविकरण नभएको । |
| २६. | घरेलु उधोग सिफारिस | २००।- | |
| २७. | पारिवरिक विवरण प्रमाणित | ५००।- | |
| २८. | साना उधोग सिफारिस | २००।- | |
| २९. | कृषि तथा पशु फर्म | २००।- | |
| ३०. | टोल विकास संस्था सिफारिस | १००।- | |
| ३१. | जल उपभोक्ता संस्था सिफारिस | २००।- | |
| ३२. | संस्था दर्ता (NGO)गैर नाफामुलक सिफारिस | २००।- | |
| ३३. | संस्था दर्ता (INGO) गैर नाफामुलक सिफारिस | ५००।- | |
| ३४. | घर तला प्रमाणित | २००।- | |
| ३५. | फरक फरक नाम, थर शिफारिस/प्रमाणित | २००।- | |
| ३६. | फरक फरक जन्म मिति प्रमाणित/ शिफारिस | २००।- | |
| ३७. | चालचलन सम्बन्धि, तीनपुस्ते, सिफारिस (नेपाली) | २००।- | |
| ३८. | चालचलन सम्बन्धि तीनपुस्ते, सिफारिस (अँग्रेजी) | ५००।- | |
| ३९. | कागज मञ्जुरीनामा प्रमाणित | २००।- | |
| ४०. | संरक्षक प्रमाणित | २००।- | |
| ४१. | बसाई सराई आन्तरिक (गाउँपालिका भित्र) | २००।- | |
| ४२. | बसाईसराई जाने (खोटेहाङ्ग, बाराहापोखरी, आमचोक) | ५००।- | |
| ४३. | वसाइसराई भै गाउँपालिका वाहिर जाने | ३०००।- | |
| ४४. | वसाइसराई आउने | निःशुल्क | |
| ४५. | वैदेशिक रोजगार प्रमाणित सिफारिस अंग्रेजिमा प्रतिसिफारिस | ५००।- | |
| ४६. | वैदेशिक भुतपूर्व सैनिक/प्रहरीको हकमा नाम थर एउटै/संशोधन प्रमाणित गर्ने सिफारिस (ब्रिटिश, सिँगापुर) | १५००।- | |
| ४७. | वैदेशिक भुतपूर्व सैनिकको हकमा नाम थर एउटै/ संशोधन | १०००।- | |



अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| | प्रमाणित गर्ने सिफारिस (भारत) | | |
| ४८. | पेन्सन पट्टा सम्बन्धि सिफारिस | | |
| | क) नेपालमा सेवारत | २००।- | |
| | ख) भारतमा सेवारत | ५००।- | |
| | ग) अन्य मुलुकमा सेवारत | १०००।- | |
| ४९. | नाता प्रमाणित सिफारिस (नेपाली) | २००।- | |
| ५०. | सर्जमिन गर्नुपर्नेका हकमा नाता प्रमाणित | ५००।- | |
| ५१. | नाता प्रमाणित सिफारिस (अंग्रेजी) | ५००।- | |
| ५२. | विपन्न विद्यार्थी छात्रबृत्ति प्रमाणित शिफारिस | निःशुल्क | |
| ५३. | छात्रबृत्ति प्रमाणित सिफारिस | २००।- | |
| | छात्रबृत्ति प्रमाणित सिफारिस (वैदेशिक) | ५००।- | |
| ५४. | अपांग प्रमाणित सिफारिस | निःशुल्क | |
| ५५. | जेष्ठ नागरिक, एकल महिला सिफारिस | निःशुल्क | |
| ५६. | नाबालक सम्वन्धी सिफारिस अंग्रेजीमा | ५००।- | |
| ५७. | नाबालक सम्बन्धी सिफारिस नेपालीमा | २००।- | |
| ५८. | आन्तरीक बसाई सराई सिफारिस | १००।- | |
| ५९. | निःशुल्क स्वास्थ्य उपचार सिफारिस | निःशुल्क | |
| ६०. | सशुल्क स्वास्थ्य उपचार सिफारिस | २००।- | |
| ६१. | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउन पर्ने | २००।- | |
| ६२. | अन्य कार्यालयको माग अनुसार रोहबरमा बसी विवरण खुलाई पठाउन पर्नेमा | ५००।- | |
| ६३. | मोहि जग्गा वा अन्य नामसारी सिफारिस | २००।- | |
| ६४. | मोही लगत कट्टा | २००।- | |
| ६५. | घर कायम सिफारिस (व्यापारिक प्रयोजन) | १०००।- | |
| ६६. | घर कायम सिफारिस (अन्य) | ५००।- | |
| ६७. | जग्गा दर्ता सिफारिस (निषेधित बाहेक प्रति रोपनी) | १०।- | |
| ६८. | कित्ताकाट सिफारिस(प्रति कित्ता ) | २००।- | |
| ६९. | जग्गा नामसारी/किनबेच सिफारीस | २००।- | |
| ७०. | अंशवण्डा सिफारिस (प्रति अंश ) | २००।- | |
| ७१. | जग्गाको हक सम्बन्धमा सिफारिस | २००।- | |
| ७२. | घर बाटो प्रमाणित, (मुल सडक अन्तर्गत ) | ५००।- | |
| ७३. | घर बाटो प्रमाणित, (शाखा सडक अन्तर्गत ) | २००।- | |
| ७४. | चार किल्ला प्रमाणित | २००।- | |
| ७५. | हकदार भएको प्रमाणित सिफारिस | २००।- | |
| ७६. | वडा सर्जिमिन मुचुल्का | ३००।- | |
| ७७. | सामाजिक सुरक्षासम्वन्धि सिफारिस | निःशुल्क | |



अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

CamScanner

| | | | |
|---|---|---|---|
| ७८. | हकदार नभएको प्रमाणित सिफारिस | २००।- | |
| ७९. | जग्गा रेखाङ्कन सम्बन्धी रोहबरमा बस्ने | २००।- | |
| ८०. | जग्गा धनीपुर्जा हराएको शिफारिस | निःशुल्क | |
| ८१. | पुर्जामा घर कायम गर्ने सिफारिस | २००।- | |
| ८२. | घर नक्शा | | |
| | क) घर नक्शा प्रतिलिपि १ सेट | १००।- | |
| | ख) घरनक्शा अन्य कागजात प्रति पाना नक्कल दस्तुर | १५।- | |
| | ग) सम्पन्न प्रमाणपत्र/ प्रतिलिपि (फोटो टाँसेको) | ५००।- | |
| | घ) घरनक्शा निवेदन फायल दस्तुर | १००।- | |
| | घर नक्शा पास दस्तुर | | |
| | क) १००० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | १।- | |
| | ख) १५०० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | १.५।- | |
| | ग) २५०० वर्ग फिट सम्म रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | २।- | |
| | घ) २५०१ भन्दा माथि रड सिमेन्ट जोडाई प्रति वर्ग फिट | २.५।- | |
| | ङ) सिमेन्ट जोडाई कम्पाउड प्रति रनिंग फिट | ०.५।- | |
| | च) गिलेवा जोडाई प्रति वर्ग फिट | ०.५।- | |
| | छ) काठै काठको घर प्रति वर्ग फिट | ०.५।- | |
| | ज) टिनको छानो सिमेन्ट ईटा जोडाई प्रति वर्ग फिट | ०.५।- | |
| | झ) फलामको खम्बाभई टिनको छानो (ट्रस्ट) बाट बनेको प्रति वर्ग फिट | १।- | |
| | ञ) घर अभिलेखिकरण प्रति वर्ग फिट | २।- | |
| ८३. | भवन निर्माण स्वीकृती व्यवसायीक प्रयोजनको लागि प्रति वर्ग फुट | ३।- | |
| ८४. | भवन निर्माण स्वीकृती आवाशीय प्रयोजनको लागि प्रति वर्ग फुट | १।- | |
| ८५. | भवनको निर्माण स्वीकृती मापदण्ड भित्र रहेता पनि नक्सा स्वीकृति नलिई निर्माण भै सकेको भवनको र जरिवाना गरी नक्सा स्वीकृत गर्नु परेमा प्रति वर्ग फुट | ३।- | |
| ८६. | भवन नक्सा नामसारी दस्तुर | १०००।- | |
| ८७. | भवन निर्माण अनुमति दस्तुर | १०००।- | |
| ८८. | भवन निर्माण नक्सा पास | ५०००।- | |
| ८९. | नक्सा पास निवेदन फारम दस्तुर | १००।- | |
| ९०. | नक्सा पास नक्कल दस्तुर | ५००।- | |
| ९१. | निर्माण सम्पन्न प्रमाणपत्र (व्यवसायीक) | २०००।- | |
| ९२. | निर्माण सम्पन्न प्रमाणपत्र (आवासीय) | १०००।- | |
| ९३. | घरको स्थलगत सर्जमिन र अमिन रेखाङ्कन | १००।- | |
| ९४. | घरको स्थलगत दस्तुर (प्राविधिक लेआउट) कच्ची | १००।- | |
| ९५. | घरको स्थलगत दस्तुर (प्राविधिक लेआउट) पक्की | ५००।- | |



अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| ९६. | घर नामसारी (प्रतिघर) | ५००।- | |
| ९७. | घरबाटो सिफारिस प्रतिलिपि | १००।- | |
| ९८. | घरको अवस्था प्रमाणित प्रति वर्ग फिट | २।- | |
| ९९. | आर्थिक अवस्था सम्वन्धी सिफारिश (बलियो) | १५००।- | |
| १००. | आर्थिक अवस्था सम्वन्धी सिफारिश (कमजोर) | निःशुल्क | |
| १०१. | उल्लेखित बाहेक अन्य सिफारिस | २००।- | |
| १०२. | वार्षिक चल आय प्रमाणित सिफारिस (थप एकाईमा थप नहुने) | | |
| | १ देखी ५ लाख रुपैयाँ सम्म | २००।- | |
| | ५लाख देखी १० लाख रुपैयाँ सम्म | ५००।- | |
| | १० देखी २० लाख रुपैयाँ सम्म | १५००।- | |
| | २० देखी ५० लाख रुपैयाँ सम्म | २०००।- | |
| | ५० लाख देखी १ करोड रुपैयाँ सम्म | ३०००।- | |
| | १ करोड रुपैयाँ भन्दा माथी | ५०००।- | |

वार्षिक अचल सम्पत्ति मूल्याङ्कन सिफारस गर्दा घर जग्गा कर देहाय बमोजिम तोकिएको छः-

| क.स. | विवरण (प्रत्येक एकाईको एकमुष्ठ, थप नलाग्ने) | आ.व. २०८१।०८२ को |
|---|---|---|
| १. | १ देखी ५ लाख रुपैयाँ सम्म | निःशुल्क |
| २. | ५लाख देखी १० लाख रुपैयाँ सम्म | ५००।- |
| ३. | १० देखी २० लाख रुपैयाँ सम्म | २०००।- |
| ४. | २० देखी ३० लाख रुपैयाँ सम्म | ३०००।- |
| ५. | ३० देखी ५० लाख रुपैयाँ सम्म | ४०००।- |
| ६. | ५० लाख देखी १ करोड रुपैयाँ सम्म | ५०००।- |
| ७. | १ करोड रुपैयाँ भन्दा माथी | ६०००।- |

| | | | |
|---|---|---|---|
| १०३. | बहाल कर लेखाजोखा सिफारिस | १००।- | |
| १०४. | नागरिकता सिफारिस (वंशज) | ३००।- | |
| १०५. | नागरिकता प्रतिलिपी सिफारिस | ५००।- | |
| १०६. | वैवाहिक अंगिकृत नागरिकता सिफारिस | १०००।- | |
| १०७. | नागरिकतामा विवरण संसोधन सिफारिस | ५००।- | |
| १०८. | विद्युत जडान सिफारिस | २००।- | विपन्न निःशुल्क |
| १०९. | धारा जडान सिफारिस | २००।- | विपन्न निःशुल्क |
| ११०. | टेलिफोन जडान सिफारिस | ५००।- | |
| १११. | टेलिफोन जडान सिफारिस (नक्सा पास नभएको) | २००।- | |
| | टेलिफोन नामसारी ठाउँसारी | २००।- | |
| ११२. | उद्योग ठाउँसारी सिफारिस | ५००।- | |



अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| ११३. | उद्योग स्थापना सिफारिस दस्तुर | | |
| | ठूला उद्योग | १०००।- | |
| | मझौला उद्योग | ५००।- | |
| | साना उद्योग | १००।- | |
| ११४. | प्यान दर्ता सिफारिस | २००।- | |
| ११५. | भ्याट दर्ता सिफारिस | ५००।- | |
| ११६. | प्यान बन्द सिफारिस | १००।- | |
| ११७. | भ्याट बन्द सिफारिस | १००।- | |
| ११८. | उपभोक्ता समिति दर्ता/नवीकरण सिफारिस १ वर्ष भन्दा बढी भएको | ५००।- | |
| ११९. | मिलापत्र कागज गराउने | ५००।- | पटकै पिच्छे थप १००।-हुने । |
| १२०. | कुनै व्यक्ति उपर मुद्दा दर्ता गर्नु परेमा दर्ता शुल्क | १००।- | उजुरी तथा मुद्दा गरी रु. ५५०।- |
| १२१. | न्यायीक समितिबाट आदेश/फैसला भएको कागजातको प्रमाणित प्रतिलिपि | २००।- | |
| १२२. | गाँउपालिका पार्श्वचित्र (profile) | ५००।- | |
| १२३. | अदालत शुल्क मिनाहा सिफारिस | निःशुल्क | अख्तियारवालाले तोक्ने |
| १२४. | पारिवारिक लगत कार्ड (सरसफाई कार्डको दस्तुर नयाँ) | १००।- | |
| | पारिवारिक लगत कार्ड (सरसफाई कार्डको दस्तुर प्रतिलिपि | १००।- | |
| | पारिवारिक लगत कार्ड(सरसफाई कार्डको दस्तुर नविकरण) | १००।- | |
| १२५. | हातहतियार नविकरण/ सिफारिस (परम्परागत) | ५००।- | |
| १२६. | हातहतियार नविकरण/सिफारिस (आधुनिक) | १०००।- | |
| १२७. | अन्य प्रमाणित/सिफारिस (अंग्रेजी) माथी उल्लेख नभएको | ५००।- | |
| १२८. | अन्य प्रमाणित/सिफारिस नेपाली र अन्य माथी उल्लेख नभएको | २००।- | |
| १२९. | कृषि/पशु फर्म दर्ता सिफारिस | २००।- | |
| १३०. | कृषि/पशु फर्म नविकरण सिफारिस | १००।- | |
| १३१. | IEE/EIA परिक्षण सिफारिस (कुल लागत अंकको भोल्युम हेरी) | | |
| | क) लागत रु १ लाख देखि २० लाख सम्मको | ५००।- | |
| | ख) लागत रु २० लाख देखि ३० लाख सम्मको | १०००।- | |
| | ग) लागत रु ३० लाख देखि ५० लाख सम्मको | ३०००।- | |
| | घ) लागत रु ५० लाख देखि ७० लाख सम्मको | ५०००।- | |
| | ङ) लागत रु७० लाख देखि १ करोड सम्मको | ८०००।- | |
| | च) लागत रु १ करोड देखि २ करोड सम्मको | १००००।- | |
| | छ) लागत रु २ करोड देखि माथि | १५०००।- | |
| १३२. | गाउँपालिकाको हल भाडा प्रतिदिन | १,०००।- | |
| १३३. | वडा कार्यालयको हल भाडा प्रतिदिन | १०००।- | |



अरुणा देवी राई
गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| १३४. | प्रोजेक्टर भाडा प्रतिदिन | १०००।- | |
| १३५. | सडक बत्ति वार्षिक | १००।- | |
| १३६. | फोहर मैला व्यवस्थापन प्रतिघर/प्रतिपरिवार वार्षिक | २००।- | |
| १३७. | सार्वजनिक शौचालय दोभान बजार र अन्य क्षेत्र प्रयोग शूल्क प्रति व्यक्ति/प्रति पटक | १०- | |
| १३८. | पौडी पोखरी डुङ्गा समेत प्रति व्यक्ति | २०।- | |
| १३९. | हाटबजार,मेला, खेलकुद सञ्चालन अनुमति | ५००।- | |
| १४०. | झोले/पोके व्यवसायी पटके कर (दर्ता नभएका व्यवसायी)<br>प्रति पटक<br>प्रति पोका (गाउँपालिकामा दर्ता नभएभका व्यवसायी)<br>प्रति टिप्पर/पिकअप/ट्र्याक्टर<br>प्रति ट्रक | १००।-<br>१००।-<br>५००।-<br>१०००।- | |

## अनुसूची-९

### दफा (१४) सँग सम्बन्धित जरिवाना

| क्र.स. | प्रकार | दर रेट रु. | कैफियत |
|---|---|---|---|
| १ | जानि-जानि सार्वजनिक सडकलाई असर पुग्ने गरि सडकमा पानी कुलो लगाएमा । | पहिलो पटक -५००।-<br>दोस्रो पटक-३०००।-<br>तेश्रो पटक-१००००।- | |
| २ | गाउँपालिकाले आफ्नो क्षेत्र भित्र भएका झै-झगडा ,सामाजिक विवाद, द्वन्द्व वापत लगाउने जरिवाना, शुल्क । | सम्वन्धित निकाय वा कानूनले तोके बमोजिम हुनेछ । | |

अरुणा देवी राई
गाउँपालिका अध्यक्ष



CamScanner